# नेपाली इन्जिनियर संगठन जापान

# विधान

# २०७१

**Nepalese Engineers Association, Japan**

**Constitution**
**2014**

# प्रस्तावना

जापानमा अध्ययनरत वा कार्यरत नेपाली इन्जिनियरहरु र  इन्जिनियरिङसंग सम्बन्धित विभिन्न पेशाकर्मीहरुमा रहेको शिप नेपालको सर्वाङ्गीण विकासमा प्रभावकारी ढंगले प्रयोजन गर्नको लागि र उनीहरुको  आपसी हित र समुन्नतिका लागि आपसी सहयोग र सुसम्वन्ध अभिवृद्धि गरी इन्जिनियरिङ  पेशासंग सम्बन्धित विभिन्न पेशाकर्मीहरुसंग समन्वय गर्दै नेपाल इन्जिनियर्स एशोसिएसन जापान केन्द्रको रुपमा संगठित हुँदै आएका  जापानमा बसोबास गरिरहेका नेपाली इन्जिनियरहरुको मिति २०७१।०१।०६ देखि २०७१।०३।११ सम्म तदानुसार १९ अप्रिल २०१४ देखि २५ जुन २०१४ सम्मको साधारण सभाबाट नेपाली  इन्जिनियर संगठन जापानको स्थापना  गरी यो बिधान लागु गरिएको छ ।

## दफा १

## नाम, ठेगाना र उद्देश्यहरु

### १. नाम

नेपाली इन्जिनियर संगठन जापान , र अंग्रेजीमा **Nepalese Engineers Association, Japan** रहने छ।

### २. ठेगाना

यस संस्थाको सचिवालय कार्यकारिणी समितिले निर्णय गरेको ठाउमा रहने छ।

### ३. उद्देश्यहरु

| | |
|---|---|
| क | नेपाली इन्जिनियरहरु बीच आपसी हित र समुन्नतिका लागि आपसी सहयोग र सुसम्वन्ध अभिवृद्धि गरी इन्जिनियरिङ पेशासंग सम्बन्धित विभिन्न पेशाकर्मीहरुसंग समन्वय गर्दै नेपालको सर्वाङ्गीण विकासमा जापानमा अध्ययनरत वा कार्यरत नेपाली इन्जिनियरहरु र इन्जिनियरिङ पेशासंग सम्बन्धित विभिन्न पेशाकर्मीहरुको भूमिका प्रभावशाली बनाउने । |
| ख | इन्जिनियरिङसंग सम्बन्धित बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थाहरु बीच सम्बन्ध अभिवृद्धि गरी शैक्षिक तथा पेशागत सञ्जाल निर्माण गर्ने। |

## दफा २

## संगठनको  सदस्यता, सदस्यता शुल्क र सदस्यता समाप्ति

### १. सदस्यताका प्रकार र अधिकार

### क. सदस्य

जापानमा अध्ययनरत वा कार्यरत वा बसोबास गर्दै आएका  नेपाली नागरिक देहायका मध्ये कुनै एक शर्त पुरा गरेको अवस्थामा  यस संगठनको सदस्य (Member) कालागि योग्य हुनेछन्।  सदस्यलाई निर्वाचनमा उमेद्वार हुने , निर्वाचन वा अन्य कुनै पनि निर्णयमा मतदान गर्ने अधिकार हुनेछ ।

| | |
|---|---|
| अ. | इन्जिनियरिङ बिषयमा स्नातक,   स्नातकोत्तर अथवा विद्यावारिधि मध्येको कुनै एक शैक्षिक उपाधि हासिल गरेको । |
| आ . | नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्य रहेको । |
| इ | नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको । |

### ख. आमन्त्रित सदस्य

जापानमा अध्ययनरत वा कार्यरत वा बसोबास गर्दै आएका व्यक्ति देहायका मध्ये कुनै एक शर्त पुरा गरेको अवस्थामा  यस संगठनको आमन्त्रित सदस्य (Invited Member) को लागि योग्य हुनेछन । आमन्त्रित सदस्यलाई निर्वाचनमा उमेद्वार हुने,   निर्वाचन वा अन्य कुनै पनि निर्णयमा मतदान गर्ने अधिकार भने  हुनेछैन।

| | |
|---|---|
| अ. | इन्जिनियरिङ बिषय बाहेक अन्य कुनै बिषयमा स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहको शैक्षिक योग्यता    हासिल गरी यस संगठनका नियमित प्रकाशन तथा कार्यक्रममा सहभागी हुने  इन्जिनियरिङ पेशा प्रति रुची राख्ने व्यक्तिलाई यस संगठनका अध्यक्षले सदस्यताको लागि आमन्त्रण गरेको अवस्थामा |

| | |
|---|---|
| आ. | इन्जिनियरिङ बिषय बाहेक अन्य कुनै बिषयमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरे पश्चात सम्बन्धित बिषयमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको र यस संगठनका नियमित प्रकाशन तथा कार्यक्रममा सहभागी हुने इन्जिनियरिङ पेशाप्रति रुची राख्ने व्यक्तिलाई यस संगठनका अध्यक्षले सदस्यताको लागि आमन्त्रण गरेको अवस्थामा |
| इ. | नियमित सदस्यताको योग्यता पुगेको नेपाल बाहेक अन्य कुनै देशको नागरिकलाई यस संगठनका अध्यक्षले सदस्यताको लागि आमन्त्रण गरेको अवस्थामा |

## ग. विद्यार्थी सदस्यता

जापानमा अध्यनरत नेपाली नागरिक देहायको अवस्थामा यस संगठनको विद्यार्थी सदस्य (Student Member) को लागि योग्य हुनेछन ।
विद्यार्थी सदस्यलाई निर्वाचनमाउम्मेद्वार हुने, निर्वाचन वा अन्य कुनै पनि निर्णयमा मतदान गर्ने अधिकार भने हुनेछैन ।

| | |
|---|---|
| अ. | इन्जिनियरिङ विषयमा स्नातक, स्नातकोत्तर अथवा विद्यावारिधि मध्येको कुनै एक शैक्षिक योग्यताको लागि अध्ययनरत पूर्ण सदस्यताको सर्त पुरा भइनसकेको । |

## घ. अन्य सदस्यता तथा उपाधी

| | |
|---|---|
| अ | यस संगठनको सदस्य, आमन्त्रित सदस्य तथा विद्यार्थी सदस्य प्राप्त गरेका व्यक्ति जापान नबस्ने अबस्थामा स्वत यस संगठन को मानार्थ सदस्य हुनेछन । |
| आ | माथि उल्लेखित बाहेक संगठनको गतिबिधिलाइ उल्लेख्य सहयोग गर्ने व्यक्ति लाई कार्यकारी समितिले मानार्थ सदस्य, मानार्थ सल्लाहकार तथा अरु कुनै बिशेष प्रकार को सदस्यता तथा उपाधी दिन सक्ने छ । उक्त |

| | |
|---|---|
| | प्रयोजन को लागि साधारण सभा बाट निश्चित मापदण्ड सहितको नियमावली (Terms of References) पारित गराउनु पर्नेछ । |
| इ | यो संगठनको रुपमा पुनर्गठन हुदाको बखत नेपाल इन्जिनियर्स एशोसीएसन जापान केन्द्रले अध्यक्षकोष सम्बन्धि नियमावली(Terms of References) अनुसार प्रदान गरेका मानार्थ सल्लाहकार को उपाधी पूर्व निर्धारित अबधि सम्म स्वत कायम रहनेछन । |
| ई | यस खण्ड अनुसार सदस्यता प्राप्तगर्ने व्यक्तिहरुलाई निर्वाचन मा उमेद्वार हुने, निर्वाचन वा अन्य कुनै पनि निर्णयमा मतदान गर्ने अधिकार हुने छैन। |

## २. सदस्यता निवेदन र शुल्क

| | |
|---|---|
| क. | यस संगठनको सदस्य हुनको लागि कागजात र दस्तुर सहित कार्यसमितिले तोकेको ढाँचा मा निबेदन दिनु पर्नेछ। |
| ख. | यस संगठन को सदस्यता शुल्क यसै विधान अन्तरगत बनेको कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ। |

## ३. सदस्यता समाप्ति

निम्न अवस्थामा यस संगठनका सदस्यको सदस्यता समाप्त हुनेछः

| | |
|---|---|
| क . | संगठनको उदेश्य र भावना विपरित यस संगठनलाई आघात पुग्ने काम गरेको व्यक्ति लाई कार्यसमितिले सदस्य को लागि अयोग्य ठहर गरेको अबस्थामा |
| ख . | सदस्य आफैले सदस्यता खारेज गर्न चाहेको व्यहोरा सहितको निवेदन दिई कार्यकारिणी समितिले स्विकार गरेमा। |
| ग. | प्रचलित कानुन बमोजिमको कुनै गम्भीर प्रकृति को अपराध गरेको प्रमाणित भएको व्यक्ति लाई कार्यसमितिले सदस्य को लागि अयोग्य ठहर |

| | |
|---|---|
| | गरेको अबस्थामा |

## दफा ३
## संगठनः कार्यकारिणी समिति

### १. पदाधिकारी र सदस्यहरु

संगठनको कार्य सञ्चालन र प्रवर्धनको निमित्त देहाय अनुसारका पदाधिकारी र सदस्यहरु भएको एक कार्यकारिणी समिति रहने छ।

| | | |
|---|---|---|
| क | अध्यक्ष | १ |
| ख | उपाध्यक्ष | १ |
| ग | महासचिव | १ |
| घ | कोषाध्यक्ष | १ |
| ङ | सदस्यहरु | ३ |
| | जम्मा | ७ जना |

### २. निर्वाचन

| | |
|---|---|
| क | यस संगठनको कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन संगठका सदस्यहरु मध्येबाट एक पद एक मताधिकारको आधारमा गोप्य मतदानद्वारा बहुमतको निर्णयबाट गरिनेछ। |
| ख. | अध्यक्ष र महासचिव पद बाहेकको लागि उम्मेदवारी नभएमा (निर्वाचित) अध्यक्षको सिफारिसमा कार्यकारिणी पदाधिकारी र सदस्यहरुको बहुमतले मनोनयन गर्न सक्नेछन्। अध्यक्ष र महासचिव पदको हकमा भने कसैको उम्मेदवारी नभएमा पुन: निर्वाचन नै गर्नु पर्नेछ। |
| ग. | जापानको जुनसुकै क्षेत्रमा बसोबास गर्ने भए पनि यस संगठनका |

| | |
|---|---|
| | सदस्यहरुलाई कार्यकारिणी समितिको कुनै पनि पदका लागि उम्मेदवार हुन बन्देज रहने छैन। |
| घ. | मतदान प्रकृया कुनै पनि ईलेक्ट्रोनिक माध्यम (ईमेल, ईन्टरनेट, फ्याक्स, फोन) वा हुलाकको माध्यमवाट पनि गर्न सकिने छ। हुलाकवाट गरिँदा कम्तिमा १ हप्ता मनोनयनको लागि र कम्तिमा २ हप्ता मतदानको लागि दिनु पर्नेछ। |
| ङ | कार्यकारिणी समितिको पदाधिकारी भई एउटै पदमा लगातार २ पटकको पदावधि पुरा गरी सोही पदका लागि लगातार तेश्रोपटक निर्वाचनमा उम्मेदवार हुन पाउने छैन। तर कार्यकारिणी समिति सदस्यको हकमा भने यो बन्देज रहने छैन। |
| | |

**३. पदावधि**

| | |
|---|---|
| क. | कार्यकारिणी समितिको पदावधि सामान्यतया १ वर्षको हुनेछ। |
| ख. | असामान्य परिस्थितिमा बाहेक साधारणतया प्रत्येक वर्ष अप्रिल महिनाको १ तारिकमा नयाँ कार्यकारिणी समितिले कार्य सुरु गरिसक्नु पर्नेछ। |
| ग. | यस संगठनको सदस्य नरहेमा कार्यकारिणी समितिका पदाधिकारीहरुको पदाबधि स्वत: खारेज हुनेछ। |
| घ. | अध्यक्ष वाहेक अन्य पदाधिकारीले उचित कारण देखाई अध्यक्षलाई सम्बोधन गरी कार्यकारिणी समिति समक्ष राजिनामा दिन सक्नेछन्। कार्यकारिणी समितिको समेत सल्लाहमा अध्यक्षले उक्त कारण उचित लागेमा नीजको राजिनामा स्वीकृत गर्न सक्नेछन्। महासचिव हकमा कार्यकारिणी समितिको बहुमतको आधारमा समिति भित्रैबाट रिक्त पदहरुमा मनोनयन गर्नुपर्नेछ भने अन्य पदहरुमा अध्यक्षको सिफारिसमा कार्यकारिणी पदाधिकारी र सदस्यहरुको बहुमतले मनोनयन गर्न सक्नेछन्। |
| ङ | अध्यक्षले उचित कारण देखाई कार्यकारिणी समिति समक्ष राजिनामा दिन |

| | |
|---|---|
| | सक्नेछन्। राजिनामाको बेहोरा संगठनका सदस्यहरूलाई पनि सूचित गराउनु पर्नेछ। कार्यकारिणी समितिले वहुमतको आधारमा उक्त राजिनामा स्वीकृत गर्नेछ र उपाध्यक्षलाई जिम्मेवारी सुम्पिनेछ। उचित कारण देखाई उपाध्यक्षले जिम्मेवारी नलिएमा कार्यसमिति भित्रैबाट बहुमतको आधारमा १ जनालाई उक्त जिम्मेवारी दिइने छ। |
| च | यसै बिधानको दफा ४ को उपदफा ४ मा उल्लेखित गणपूरक संख्याको उपस्थिति रहेको साधारण-सभाको दुई-तिहाई सदस्यहरुको वहुमतद्धारा कार्यकारिणी समितिका कुनै पनि पदाधिकारीलाई अविस्वासको प्रस्तावद्धारा हटाउन सकिनेछ। यो प्रकृयाबाट रिक्त पदहरुमा त्यहि साधारण-सभाको बहुमतले बाँकि अवधिका लागि संगठनको सदस्यहरुबाट मनोनयन गर्नेछ। |

## दफा ४

## कर्तब्य र अधिकार

**१. कार्यकारिणी समिति**

| | |
|---|---|
| क . | साधारण सभाको नीति निर्देशन अन्तर्गत रही संगठनको उद्देश्य प्राप्तिको लागि काम गर्नु पर्नेछ। |
| ख . | संगठनको दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ। |
| ग | संगठनको साधारणसभा प्रति उत्तरदायी रहनु पर्नेछ। |
| घ | गठनको उद्देश्य प्राप्ति तथा समुन्नतिको लागि विभिन्न कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ। |
| ङ | संगठनको कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्न सहयोग पुग्ने खालका समसामयिक सूचना, सामग्री आदिको संकलन गर्ने। |
| च | अन्तराष्ट्रिय क्षेत्रमा उपलव्ध पेशागत, समसामयिक बौद्धिक तथा प्राज्ञिक विकासको सम्बन्धमा संगठनका साधारण सदस्यहरुलाई सुसूचित गराउने। |

| | |
|---|---|
| छ | अन्तराष्ट्रिय क्षेत्रमा उपलव्ध पेशागत, समसामयिक बौद्धिक तथा प्राज्ञिक विकासको सम्बन्धमा संगठनका साधारण सदस्यहरुलाई सुसूचित गराउने। |
| ज | यस संगठनको कार्यकारिणी समितिको वैठक वर्षको कम्तिमा पनि ४ पटक गर्नुपर्नेछ। बैठक ईमेल वा वेबको माध्यमबाट गर्न सकिनेछ। |
| झ | कम्तिमा वर्षको १ पटक संगठनको साधारण-सभा बोलाउनु पर्नेछ। |
| ञ | साधारण-सभाबाट नयां कार्यसमितिको चुनाबको को प्रकृया र बिधि पारित गराई ३ सदस्यीय चुनाब आयोग गठन गर्नु पर्ने छ । |

## २. अध्यक्ष

| | |
|---|---|
| क . | संगठनको वैधानिक प्रमुखको रुपमा नेतृत्व प्रदान गर्ने। |
| ख . | संगठनको प्रतिनिधित्व गर्ने। |
| ग | संगठनको कुनै पनि वैठक सभामा कुनै कुरामा निर्णय गर्दा मत वरावर भएमा निर्णायक मत दिने। |
| घ | आफू वा संगठनको विरुद्धको अविश्वासमा छलफल हुने साधारण सभामा वाहेक संगठनको साधारण सभामा अध्यक्षता गर्ने। |
| ङ | संगठनको उद्देश्य, क्रियाकलाप, विधानको आसय अनुसार काम भए नभएको रेखदेखका साथै कार्यान्वयनको पूर्ण जिम्मेवारी वहन गर्ने। |
| च | संगठनको वैठक बोलाउने निर्देशन तथा स्विकृति दिन सक्ने। |
| छ | यस संगठनको विधान तथा यस अन्तरगत बनेको नियम उप-नियमले दिएको अधिकारको उपयोग तथा कर्तव्यको पालना गर्ने। |
| ज | आफ्नो केहि वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्ने। |
| झ | आफ्नो कार्यसमितिको पदावधिको अन्तमा आफ्नो र संगठनको पदाधिकारीको जिम्मामा रहेको नगद तथा जिन्सी व्यहोरा नयाँ कार्यसमितिका पदाधिकारीहरुलाई जिम्मेवारी हस्तानान्तरण गर्नु पर्नेछ। |

**३. उपाध्यक्ष**

| | |
|---|---|
| क. | अध्यक्षको अनुपस्थितिमा अध्यक्षका सम्पूर्ण अधिकार र दायित्व निर्वाह गर्ने। |
| ख. | अध्यक्षले प्रत्यायोजन गरेको अधिकार र दायित्व बहन गर्ने। |
| ग | संगठनका  सदस्यहरुको लगत राख्ने र अध्यावधिक गर्ने। |
| घ | उचित कारण देखाई अध्यक्षले दिएको राजिनामा कार्यकारिणी समितिले स्वीकृत गरेमा रिक्त पदमा बाँकि पदावधिको लागि अध्यक्षको हैसियतमा यसै बिधानको दफा ३ खण्ड ४ ख (अ) मा उल्लेखित  सम्पूर्ण अधिकार र दायित्व निर्वाह गर्ने। |

**४. महासचिब**

| | |
|---|---|
| क. | अध्यक्षको राय समेत लिई दैनिक कार्य सञ्चालन गर्ने। |
| ख. | साधारणसभा एवं संगठनका नीति निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्ने। |
| ग | साधारणसभामा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने। |
| घ | अध्यक्षलाई सभा अगावै संगठन सम्वन्धि सम्पूर्ण गतिविधिको पूर्ण जानकारी दिने। |
| ङ | अध्यक्षको परामर्श एवं स्वीकृतिमा सभा वैठक आदि वोलाउने र सञ्चालन गर्ने। |
| च | संगठनको वैठकका लागि प्रस्ताव सहितको सुचना संगठनका सदस्यहरुलाई दिने। |
| छ | संगठनको  विभिन्न सभा वैठकमा भएका आदेश तथा निर्णयहरुको माईन्यूट कायम राख्ने। |
| ज | यस संगठनको कार्यक्रम तथा गतिविधिहरुको वारेमा यस संगठनका  साधारण सदस्यहरु तथा  सम्वन्धित  सबैलाई उपलव्ध संचार माध्यम उपयोग गरी जानकारी एवं प्रचार प्रसार गर्ने। |
| झ | यस संगठनको विधान तथा सो अन्तर्गत वनेको यस नियम उप-नियममा |

| | |
|---|---|
| | उल्लेखित अधिकारको उपयोग र पालना गर्ने। |
| ञ | आफ्नो संगठनको अन्तमा आफ्नो जिम्मामा रहेका दस्तावेज, कागजात तथा अन्य व्यहोरा नवनियुक्त सचिवलाई हस्तानान्तर गर्नुपर्नेछ। |

**५. कोषाध्यक्ष**

| | |
|---|---|
| क. | संगठनको सम्पतिका साथै कोष तथा लेखा सम्बन्धि सम्पूर्ण उत्तरदायित्व वहन गर्ने। |
| ख. | संगठनको वार्षिक वासलात संगठनको कार्यकारिणी समिति मार्फत साधारणसभामा पेश गर्ने। केन्द्रको वार्षिक वजेट कार्यकारिणी समितिको परामर्शमा तर्जुमा गर्ने। |
| ग | संगठनको सम्पतिका साथै कोष तथा लेखा सम्बन्धि सम्पूर्ण उत्तरदायित्व वहन गर्ने। |
| घ | संगठनको वार्षिक वासलात संगठनको कार्यकारिणी समिति मार्फत साधारणसभामा पेश गर्ने। केन्द्रको वार्षिक वजेट कार्यकारिणी समितिको परामर्शमा तर्जुमा गर्ने। |
| ङ | कार्यकारिणी समितिको वैठकमा संगठनको आर्थिक स्थिति पेश गर्ने। |
| च. | आफ्नो कार्यावधिको अन्तमा आफ्नो जिम्मामा रहेको आर्थिक (नगद तथा जिन्सी) व्यहोरा नवनियुक्त कोषाध्यक्षलाई हस्तान्तरण गर्नु पर्नेछ। |

**६. कार्यकारिणी समिति सदस्य**

| | |
|---|---|
| क | कार्य समितिको बैठकमा भाग लिई आफ्नो राय तथा मत जाहेर गर्ने। |
| ख | कार्य समितिले जिम्मा दिएको कार्य सम्पादन गर्ने। |

**दफा ५**

# साधारण-सभा

**१. परिभाषा र अधिकार**

| | |
|---|---|
| क. | संगठनको सबै सदस्यहरुको समुहलाई साधारण-सभा भनिनेछ। |
| ख. | साधारण सभा संगठनको सर्वोच्च अङ्ग हुनेछ। |
| ग. | साधारण सभा को बैठक साधारणतया ईमेल वा वेबको माध्यमबाट गर्न सकिनेछ। |

**२. साधारण-सभा बैठकको प्रकार**

**क. बार्षिक बैठक :**

| | |
|---|---|
| अ . | वर्षको एकपटक साधारण-सभाको वार्षिक बैठक बस्नेछ। |
| आ . | यस्तो सभाको लागि सभा हुनु भन्दा घटिमा ७ दिन अगावै कार्यकारिणी समितिले सभामा छलफल हुने बिषय समेत समावेश गरी सबै सदस्यहरुलाई सूचना दिनु पर्नेछ। |

**ख. विशेष बैठक**

बार्षिक बैठक भन्दा भिन्न समयको बिशेष परिस्थितिमा कार्यकारिणी समितिले कम्तिमा ७ दिनको अग्रिम सूचना दिएर विशेष बैठक बोलाउन सक्नेछ। कार्यकारिणी समितिले तलको कुनै पनि अबस्थामा १५ दिन भित्र विशेष साधारण-सभा बोलाउन पर्नेछ।

| | |
|---|---|
| अ . | यस संगठनका सम्पूर्ण सदस्यहरुको २५ प्रतिशत सदस्यहरुले उचित कारणसहित माग गरेमा । |
| आ. | कार्यकारिणी समितिको बहुमतले आवश्यक ठानेमा । |
| इ. | कार्यकारिणी समितिका अध्यक्षले आवश्यक ठानेमा । |

**३. साधारण-सभाबैठक को समयावधि**

साधारण-सभाको बैठक समयावधि बिशेष अवस्था बाहेक कार्यकारिणी समितिले तोके बमोजिम, बढिमा १५ दिनको, हुनेछ।

**४. गणपूरक संख्या**

| | |
|---|---|
| क | साधारण-सभाबैठक मा (बार्षिक वा बिशेष) सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ। तोकिएको समयावधि भित्र गणपूरक संख्या अपुग भएमा कार्यकारिणी समितिले समयावधि, बढिमा ५ दिन, बढाउन सक्नेछ। बढाइएको समयावधि भित्र जतिसुकै संख्यामा उपस्थिति भए पनि त्यो बैठकको निर्णय लाइ वैध मानिनेछ। |
| ख | वेवबाट गरिने साधारण-सभाबैठक (वार्षिक वा विशेष) को हकमा ईलेक्ट्रोनिक प्रतिकृयाको आधारमा एक जनाबाट जतिसुकै संख्यामा प्रतिकृया आए पनि एक वटाको दरले उपस्थिति गनिने छ। |

## दफा ६
## अन्य नेपाली इन्जिनियरिङ संगठनसंगको सम्बन्ध

| | |
|---|---|
| १. | यस संगठनको पुनर्गठन नेपाल इन्जिनीयर्स एशोसीएसन, जापान केन्द्रमा संगठित हुदै आएका जापानमा अध्ययनरत वा कार्यरत नेपाली इन्जिनियरहरुको सक्रियता मा भएको हुँदा नेपाल इन्जिनीयर्स एशोसीएसन, जापान केन्द्रको नाममा कार्यसम्पादन गर्दै आएका कार्यसमितिहरुलाई यसै संगठनका पूर्व कार्यसमिति, प्रकाशनहरुलाई यसै संगठनका पूर्व प्रकाशन र भेलाहरुलाई यसै संगठनका पूर्व भेला सरह मानिनेछन । |
| २ | नेपाल इन्जिनियर्स एशोसिएसन वा अन्य नेपाली इन्जिनियरिङ सम्बन्धि संगठनले जापानमा कुनै पनि संरचना राख्न चाहेमा उक्त संरचना को यस संगठनसंग को सम्बन्ध यस संगठन को दफा ४ को उपदफा ४ बमोजिम को गणपुरक सख्या पुगेको साधारण सभाको दुइ तिहाई बहुमतले निर्णय गरे |

| | |
|---|---|
| | बमोजिम हुनेछ। |
| ३ | यस संगठनको रुपमा पुनर्निमाण हुनु पूर्व नेपाल इन्जिनीयर्स एशोसीएसन, जापान केन्द्र/ सम्पर्क कार्यालयको नाम मा कार्यसम्पादन गर्दा सदस्यता शुल्क बापत जापान केन्द्र / सम्पर्क कार्यालय लाई छुट्टाइएको रकम मध्ये बचत रहेको रकम नेपाल इन्जिनीयर्स एशोसीएसन लाइ बुझाउने अर्थात नेपाल इन्जिनीयर्स एशोसीएसनले तोके बमोजिम व्यवस्था गर्नु पर्नेछ । |

## दफा ७

## विधान संशोधन तथा नियमावली

| | |
|---|---|
| १ | यस विधानको संशोधन यसै विधानमा तोकिएको गणपूरक संख्याको उपस्थिति रहेको साधारण-सभाकोबैठकमा उपस्थित सदस्य को दुई-तिहाई वहुमतबाट गर्न सकिने छ। |
| २ | यस विधानको प्रस्तावना को भावना विपरित नहुने गरि आवश्यक परेको खण्डमा कार्य सम्पादन नियमावलीहरु बनाउन सकिनेछ। |
| ३ | यस बिधानको कुनै पनि प्राबधान संग बाझिएको अवस्था बाहेक नेपाल इन्जिनीयर्स एशोसीएसन जापान केंन्द्र / सम्पर्क कार्यालयको नाममा कार्यसम्पादन गर्दा बनाइएका नियमावली (Terms of References) यसै बिधान अन्तर्गत बनेको नियमावली सरह मान्य हुनेछन । |

***